# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/१०/०४

उँपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (तेस्रो चरण), कैलाली अन्तरगत मोहन्याल गाउँपालिकामा सञ्चालित तपसिल बमोजिमका खानेपानी तथा रसफाइ, सिंचाइ र शौचालय निर्माण योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी, सिंचाइ योजना तथा शौचालय निर्माणमा प्रयोग ने निर्माण सामग्रीहरु, पाइपहरु,फिटीङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको सेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा प्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

र्तहरु :

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु,फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु.३०००।००अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) मोहन्याल गाउँपालिकाको सिटिजनस् बैंक इन्टरनेशनल लि.मोहन्याल कैलाली शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७७०१०००००२७२०१ मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र मोहन्याल गाउँपालिका अध्यक्ष ज्युको सम्पर्क कार्यालय फल्लेबिसौना बाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ औं (सौह्रौं) दिनको दिउसो १२:०० बजे भित्र मोहन्याल गाउँपालिका अध्यक्ष ज्युको सम्पर्क कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्र पेशगर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं (सौह्रौं) दिनको दिउसो १२.०० बजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले तोकिएको रोडहेडमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०७७ माघ १९ गते मोहन्याल गाउँपालिका अध्यक्ष ज्युको सम्पर्क कार्यालय फल्लेबिसौनामा दिउसो २ बजे खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९ दरभाउपत्र स्वीकृत भए पश्चात उ.स.ले छनौट भएको सप्लायर्सको गोदाम चेक गर्दा सिलबन्दी दरभाउ पत्रमा उल्लेख भएको परिमाणको कम्तीमा ५० प्रतिशत हुनुपर्ने छ, यदि चेकजाचको दौरान सो परिमाण देखिन नआएमा उ.स.सो सप्लायर्स संग सम्झौता गर्न बाध्य हुने छैन ।

१०. पोलिथिन पाइपको हकमा शंशोधित नेपाल गुणस्तर NS ४०;२०७४ अनुसार PE १०० पदार्थ प्रयोग भएको शुनिश्चितताको प्रमाण पेश गर्नु पर्ने छ ।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१२. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

१३ यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना मोहन्याल गाउँपालिका अध्यक्ष ज्युको सम्पर्क कार्यालय फल्लेबिसौनामा सूचना पाटीमा टाँस गरिनेछ ।

१४. अन्य थप जानकारी चाहिएमा गाउपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, गाउपालिका सहयोग इकाइ कार्यालय (९८४८८३५५७९), वा मोहन्याल गाउँपालिका अध्यक्ष ज्युको सम्पर्क कार्यालय फल्लेबिसौनामा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

१) कालापाखा राजिरेक्चा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मोहन्याल ३ कैलाली

२) रागामलेखा सोलार लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मोहन्याल ३ कैलाली

३) कालिखोला सिंचाइ उपभोक्ता समिति मोहन्याल १ कैलाली

४) विद्यालय शौचालय निर्माण योजना

सयुक्त खरिद समिति

कालापाखा राजिरेक्चा खानेपानी तथा सरसफाई ... स्थापना-२०७७ मोहन्याल-३, राजिरेक्चा, कैलाली

कालिखोला सिंचाई आयोजना उपभोक्ता समिति स्थापित-२०७७ मोहन्याल-१ चायाभार, कैलाली

Scanned with CamScanner